# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, भदौ १ गते २०५४ साल (अतिरिक्ताङ्क २२ (ङ)

## भाग ३

### श्री ५ को सरकार
### श्रम मन्त्रालयको सूचना

श्री ५ को सरकारले श्रम ऐन, २०४८ को दफा २१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐन लागू हुने चियाबगान प्रतिष्ठानहरूमा काम गर्ने कामदार तथा कर्मचारीहरूका लागि न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसमा देहायबमोजिमको न्यूनतम पारिश्रमिकको दर तोकेको छ ।

| | |
|---|---|
| कामदार तथा कर्मचारी | मासिक रू.१,१०५।- |
| नावालिग (१४ वर्षदेखि १६ वर्ष उमेरको कामदार तथा कर्मचारी) | मासिक रू. ७३७।- |

द्रष्टव्यः

१. उपरोक्त न्यूनतम पारिश्रमिकमा कामदार तथा कर्मचारीलाई मासिक रू. ३३३।- महँगी भत्ता र नाबालिगलाई मासिक रू. २२२।- महँगी भत्ता थप दिनु पर्नेछ ।

२. दैनिक पारिश्रमिकमा काम गर्ने कामदार कर्मचारीलाई दैनिक रू. ५०।५० र नाबालिगलाई रू. ३४।- दिनु पर्नेछ ।

३. १४ वर्षदेखि १६ वर्षका नाबालिगलाई ६ घण्टाभन्दा बढी काममा लगाउन पाइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

806

४. महिला र पुरुषले समान किसिमको काम गरेमा दुबैलाई समान किसिमको पारिश्रमिक र भत्ता दिनुपर्नेछ ।

५. न्यूनतम पारिश्रमिकभन्दा कम दिने-लिने गरी सम्झौता गर्न पाइने छैन ।

खण्ड ४२, संख्या १६, मिति २०४९।४।१२ गते नेपाल राजपत्र भाग ३ मा प्रकाशित श्रम तथा सामाजिक कल्याण मन्त्रालयको सूचना १ तथा खण्ड ४४ अतिरिक्ताङ्क ५०, मिति २०५१।११।१८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ खारेज गरिएको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४०८